

# राष्ट्रिय प्रजातन्त्र पार्टी

## प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९

# प्रतिबद्धता


# दीर्घकालीन सोच, दीर्घकालीन राष्ट्रिय लक्ष्य, दीर्घकालीन मार्गचित्र

**दीर्घकालीन सोच** : सबल र समुन्नत नेपाल

**दीर्घकालीन राष्ट्रिय लक्ष्य** : पूँजी निर्माण, दिगो विकास, निःशुल्क शिक्षा र स्वास्थ्य, सामाजिक सुरक्षा, समान न्याय र समतामूलक सम्वृद्धिका साथै व्यापक रोजगारीको अभिवृद्धि

**दीर्घकालीन मार्गचित्र** : बि.सं. २०८७ सम्ममा मध्यम आयस्तर भएको मुलुक





# शासकीय स्वरूप : प्रदेशको खारेजी, केन्द्र र बलियो स्थानीय तह



- अभिभावकीय संस्थाको रुपमा राजसंस्था
- जनतावाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री
- पूर्ण समानुपातिक संसद
- प्रदेशको खारेजी, केन्द्र र बलियो स्थानीय तह भएको दुई तहको शासकीय संरचना

# शासकीय स्वरूप : प्रदेशको खारेजी, केन्द्र र बलियो स्थानीय तह

- सर्वधर्म समभाव पूर्ण धार्मिक स्वतन्त्रता सहितको बैदिक सनातन धर्म सापेक्ष हिन्दु राष्ट्र
- एक व्यक्तिले दुई कार्यकाल भन्दा धेरै पार्टी अध्यक्ष, प्रधानमन्त्री जस्तो कार्यकारी पदमा बस्न नपाउने



# दीर्घकालीन राष्ट्रिय रणनीति

- दिगो आर्थिक वृद्धि
- गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा
- गरिवी न्यूनीकरण
- दिगो शहर र बस्ती विकास



# दीर्घकालीन राष्ट्रिय रणनीति ...

- रोजगारमूलकउत्पादन अभिवृद्धि
- सार्वजनिक सेवा प्रवाहको सुदृढिकरण
- प्राकृतिक स्रोतको उच्चतम सदुपयोग र संरक्षण
- दिगो सामाजिक सुरक्षा तथा संरक्षण




# सुशासन : बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौं

- उच्चस्तरीय नागरिक आयोग गठन गरी २०४६ पछिका उच्चपदस्थ नेता तथा कर्मचारीहरुको सम्पत्ति छानविन गरी अबैध सम्पत्ति जफत गर्ने कानूनी व्यवस्था
- भ्रष्टाचारमुक्त, जवाफदेही तथा पारदर्शी शासन पद्दति व्यवहारमा लागु




# सुशासन : बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौ

- बिद्यमान सम्पत्ति शुद्धिकरण ऐनमा सुधार ल्याईने




# सुशासन ... ... ...

- राजनैतिक दल रहित संबैधानिक परिषद निर्माण
- संबैधानिक अंगहरुलाई संविधानको मर्म र भावना अनुसार संचालन गर्न, योग्यता, क्षमताको आधारमा संबैधानिक नियुक्तिको व्यवस्था गरी, राजनैतिक हस्तक्षेपवाट पूर्णतः मुक्त तुल्याई, **निष्पक्षतापूर्वक** कार्यसम्पादन



# सुशासन … … …

- न्यायपालिकामा देखिएको बिकृति र विसंगति अन्त्य गर्न, गुमेको विश्वसनीयता पुनर्स्थापित गर्न  र पूर्ण न्यायिक बनाउन न्यायपालिकाको पुनर्संरचना
- नीतिगत तथा कार्यगत क्षेत्रमा देखिएका भ्रष्ट्राचार तथा अनाचार अन्त्य गर्न, **स्वार्थको द्वन्द (Conflict of interest)** सम्बन्धी कानून जारी



# परराष्ट्र : सबैको मित्रता स्वीकार तर हस्तक्षेप अस्विकार

- नेपालको शान्तिक्षेत्र प्रस्तावलाई पुनर्जीवित गरिने
- असंलग्न र पञ्चशीलमा आधारित सन्तुलित परराष्ट्र नीति अवलम्बन
- नेपालको भु-भाग कसैको विरुद्ध प्रयोग हुन नदिइने
- सबै असमान सन्धि सम्झौता तथा सिमा विवादलाई कुटनितिक पहलबाट टुंग्याईने



# प्रवासी नेपालीहरुलाई मताधिकार

- प्रवासी नेपालीहरुलाई मताधिकार प्रयोग गर्न पाउने व्यवस्था
- प्रवासमा रहेका नेपालीहरूको सिप र पुंजीलाई नेपाल भित्र्याउन प्रवासी नेपालीका लागि सहज कानूनहरूको निर्माण गरिनेछ।



# समष्टिगत अर्थतन्त्र : समतामूलक सम्वृद्धि

- सूचना प्रविधिमा आधारित बनाई थप मितव्ययी र पारदर्शी सार्वजनिक खर्च प्रणाली
- करको संरचना र दरमा सुधार गरी थप सरल, बैज्ञानिक र समन्यायिक कर प्रणाली
- स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुलाई राज्यवाट सुबिधा र संरक्षण प्रदान



# समष्टिगत अर्थतन्त्र ... ... ...

- उत्पादनमूलक, रोजगारीमूलक उच्च प्रतिफलयुक्त क्षेत्रलाई बिकास गर्न सरल ब्याजदरमा सार्वजनिक ऋण
- आवश्यकता र उपादेयताको आधारमा सार्वजनिक संस्थानको पुनर्संरचना, पुनर्स्थापना, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुलाई राज्यवाट सुबिधा र संरक्षण प्रदान



# समष्टिगत अर्थतन्त्र … … …

- रुग्ण अवस्थामा रहेका सरकारी, निजी, सार्वजनिक संस्थान र उद्योगहरु आधुनिकीकरण गर्दै पुनः संचालन
- बैदेशिक लगानी समेतलाई आकर्षित गर्न उद्योग दर्ता प्रक्रियालाई सरलीकरण
- अनावश्यक आयात निरुत्साहित गर्न उत्पादन अभिवृद्धि गरी कहालीलाग्दो ब्यापार घाटा कम गरिने



# शिक्षा र स्वास्थ्य : शिक्षा, स्वास्थ्य र न्याय -निःशुल्क तथा समान

- बिश्वबिद्यालयहरुमा प्रधानमन्त्री-कुलपति र शिक्षा मन्त्री-सहकुलपति हुने व्यवस्थालाई अन्त्य गरी प्रतिष्पर्धाको नयाँ मापदण्ड अपनाई कुलपति, सह-कुलपति र *उपकुलपति* चयन गर्ने व्यवस्था
- शिक्षा क्षेत्रमा देखिएको अत्यधिक राजनीतिकरण, दलीय भागवण्डा, अराजकता, र विसंगतिलाई कानूनी रुपमा अन्त्य



# शिक्षा ... ... ...

- काठमाडौंको बुढानीलकण्ठ स्कूललाई सातै प्रदेशमा नमुना विद्यालयको रुपमा स्थापना
- सबै प्राविधिक विद्यालयहरुलाई स्रोत साधनयुक्त बनाईने
- कक्षा १२ सम्म पूर्ण रुपमा निःशुल्क र गुणस्तरीय शिक्षाको संवैधानिक व्यवस्थालाई पूर्णरुपमा लागु






- प्रत्येक स्थानीय तहमा बेरोजगार युवाको लागि सीपमुलक तालिम केन्द्र स्थापना । यसरी सीप सिकेका युवालाई स्वदेशमै रोजगारीको व्यवस्था
- आधारभुत तहसम्म स्थानीय मातृभाषामा शिक्षा






# स्वास्थ्य

- काठमाडौंको बीर अस्पताल स्तरको अस्पताल सातै प्रदेशमा निर्माण गरी संचालन
- आधारभूत स्वास्थ्य सेवा सबै नागरिकलाई निःशुल्क तथा अनिवार्य गरिने



# स्वास्थ्य

- सबै नागरिकलाई स्वास्थ्य बीमाको पहुँच वृद्धि गरी बिमाको दायरामा ल्याईनेछ र सबै बीमितले आफुले चाहेको अस्पतालमा उपचार गर्न पाउने व्यवस्था
- “वडा स्वास्थ्य केन्द्र” मार्फत वडाका प्रत्येक नागरिकको स्वास्थ्य प्रोफाईल तयार गर्ने व्यवस्था
- ज्येष्ठ तथा असक्त नागरिकको घर दैलोमा स्वास्थ्य सेवा



# स्वास्थ्य … … …

- प्रत्येक वडामा सुरक्षित प्रसुती सेवा सहित न्यून आय भएका परिवारका सुत्केरीलाई तीन महिनासम्म रु.३०००/- मासिक भत्ता
- प्रत्येक किशोरीलाई पाठेघरको क्यान्सर बिरुद्धको खोप
- आयुर्बेद, प्राकृतिक योग तथा अन्य चिकित्सा पद्धतिको विकास र बिस्तार



# रोजगारी तथा राष्ट्रिय स्वयंसेवक परिचालन : बिदेशिएका युवाका निमित्त स्वदेशमै लगानी, स्वदेशमै रोजगारीको अवसर

- स्थानीय बिकासका क्षेत्रहरुमा सहयोग र सहजीकरण गर्न निश्चित समयको रोजगारी सहित प्रत्येक वर्ष १० लाख राष्ट्रिय स्वयंसेवक परिचालन
- ब्यावसायिक शिक्षा तालिम कोष (Technical and Vocational Education Fund (TVET Fund) ) नामक बृहत कोष निर्माण



# रोजगारी … … …

- एक परिवार एक रोजगार अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन
- रोजगार तथा निर्यात प्रवर्द्धन गर्ने उद्योग तथा कलकारखानालाई आवश्यक कर छुट लगायत आवश्यक सहुलियत प्रदान



# रोजगारी ... ... ...

- सातै प्रदेशमा बैदेशिक रोजगारीमा जानेहरुलाई तालिम, सीप विकास, सहुलियत ऋण र जीवन बीमाको व्यवस्था
- सहकारी क्षेत्रवाट उत्पादन वृद्धि, रोजगारी सृजना र गरिवी न्यूनीकरण गर्ने कार्यक्रमहरु संचालन




# रोजगारी ... ... ...

- स्वदेशमै पूर्ण रोजगारीको बातावरण नबनेसम्म सातै प्रदेशमा बैदेशिक रोजगारीमा जानेहरुलाई तालिम, सीप विकास, सहुलियत ऋण र जीवन बीमाको व्यवस्था
- सहकारी क्षेत्रवाट उत्पादन वृद्धि, रोजगारी सृजना



# कृषि तथा पशु, खाद्यान्न सुरक्षा :
# कृषकलाई सम्मान - उत्पादकत्व वृद्धि र पुँजी निर्माण

- समयमै मल बिऊको सहज आपूर्तिको व्यवस्था मिलाउने
- रासायनिक मल कारखाना बढिमा तीन वर्ष भित्र स्थापना





# कृषि तथा पशु, खाद्यान्न सुरक्षा ... ... ...

- कृषिजन्य उद्योगमा स्थानीय रोजगार प्रवर्द्धनलाई प्रथम प्राथमिकता
- निर्यातमूलक कृषिजन्य उत्पादनमा प्राथमिकता



# कृषि तथा पशु, खाद्यान्न सुरक्षा ... ... ...

- किसानहरुलाई सहुलियतपूर्ण दरमा कर्जा प्रबाह, ऋण तिर्ने सुबिधाको अवधि १५ वर्षको व्यवस्था
- कृषिजन्य बस्तुको बजार तथा उचित मूल्य सुनिश्चित गर्न थोक तथा हात बजारको बिस्तार र व्यवस्थापन



# कृषि तथा पशु, खाद्यान्न सुरक्षा ... ... ...

- सिँचाई, कृषि सडक तथा बजार पूर्वाधारहरुको बिकास तथा बिस्तार
- किसानको खेत खेतमा बिजुली व्यवस्था
- प्रत्येक संघीय निर्वाचन क्षेत्रमा निजी क्षेत्र/सहकारीको सहकार्यमा कृषि उपज भण्डारण/शीतघर (चिस्यान केन्द्र) स्थापना



# कृषि तथा पशु, खाद्यान्न सुरक्षा ... ... ...

- “एक स्थानीय तह, एक उत्पादन” को अवधारणालाई प्राथमिकता
- सामुहिक खेती (चक्लाबन्दी) गर्ने समूहलाई आवश्यक अनुदानको व्यवस्था
- सहज र सुपथ मूल्यमा कृषि मल र आधुनिक कृषि औजारको लागि अनुदानको व्यवस्था

# कृषि तथा पशु, खाद्यान्न सुरक्षा ... ... ...

- उत्पादित प्राङ्गारिक वस्तुको प्रमाणीकरण तथा ब्राण्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण
- कृषि कार्यको लागि खपत भएको बिद्युत महशुलमा अनुदान
- कृषि तथा वाली बीमाको व्यवस्था
- उत्पादनशील जमीन बाँझो नरहने व्यवस्था

# कृषि तथा पशु, खाद्यान्न सुरक्षा ... ... ...

- प्राकृतिक प्रकोप तथा जंगली जनावरवाट नागरिकहरुको मृत्यु भएमा एवं पशुपंक्षी/बालीनाली क्षति भएमा प्राविधिक निरीक्षण गरी क्षतिपुर्तिको व्यवस्था

# कृषि तथा पशु, खाद्यान्न सुरक्षा ... ... ...

- स्थानीय तहलाई एक बिकास एकाई मानी सम्भाव्यताको आधारमा बाली,फलफुल, पशुपंछी तथा मत्स्य पकेट क्षेत्र पहिचान गरी कृषकलाई आवश्यक पर्ने उत्पादन सामाग्री र सेवा एकद्वार प्रणालीवाट स्थानीय तह मार्फत उपलब्ध गराउने व्यवस्था

# सिंचाई : दिगो सिँचाई प्रणाली - दिगो विकास

- भूमिगत जलस्रोतमा आधारित स्यालो तथा डीप् ट्युबवेल कार्यक्रमलाई प्राथमिकता
- कृषिको लागि सौर्य उर्जा एवं अन्य प्रविधिमा आधारित भूमिगत तथा लिफ्ट सिँचाई प्रणालीको विकास
- नेपालका नदीहरुमा रहेका अपार जलश्रोतलाई बहुउद्धेशीय योजनाहरु मार्फत टार एवम् फाँटहरु सिंचाई गर्ने व्यवस्था



# खानेपानी तथा सरसफाई : स्वच्छ पिउने पानी र सफा शौचालय – नागरिकको अधिकार

- सबै घरधुरीमा चार वर्षभित्र आधारभूत खानेपानी सेवा उपलब्ध
- खानेपानी सेवालाई प्रारम्भमा तत्काल १०,००० लिटर सम्म प्रत्येक घरधुरीलाई निःशुल्क र क्रमशः वृद्धि
- तराईमा आर्सेनिकमुक्त सुरक्षित खानेपानी आयोजना
- "एक घर एक धारा"को अवधारणालाई व्यवहारिक रुपमा कार्यान्वयन
- भौगोलिक रुपमा आवश्यक स्थानहरुमा लिफ्ट प्रविधिको खानेपानी योजनालाई प्राथमिकता



# पूर्वाधार निर्माण : दिगो पूर्वाधार निर्माण –समृद्धिको आधार

- बिद्यमान सार्वजनिक खरीद ऐनमा संशोधन र नीतिगत भ्रष्टाचारको अन्त्य
- तीन वर्ष भित्र मेचीदेखि महाकालीसम्मको महेन्द्र राजमार्गलाई अन्तर्राष्ट्रिय हाइवेको मापदण्डमा स्तरोन्नति
- मेची महाकाली हुलाकी राजमार्ग, काठमाडौं जुम्ला राजमार्ग, मध्य पहाडी राजमार्गको द्रत गतिमा निर्माण सम्पन्न
- कर्णाली तथा सुदूरपश्चिम प्रदेशका उत्तर दक्षिण राजमार्गलाई आन्तरिक आबद्धता हुने गरी सवारी चापका आधारमा बिकास तथा बिस्तार



# पूर्वाधार निर्माण … … …

- प्रस्तावित निजगढ विमानस्थल आयोजनालाई राजनीतिक चलखेलवाट मुक्त गराई पर्यावरण संरक्षणलाई समेत ध्यानमा राख्दै यथासिघ्र निर्माण गरिने
- आर्थिक सम्भाव्यताको आधारमा रेलमार्गको निर्माण र सञ्चालनमा प्रत्यक्ष बैदेशिक लगानी आकर्षित गरिने नीति अवलम्बन
- कोशी तथा नारायणी नदीमा जलमार्ग यातायातको संजाल निर्माण
- सातै प्रदेशमा स्मार्ट शहर र स्मार्ट गाँउ निर्माण
- पूर्वाधार निर्माणमा प्राकृतिक वातावरणको संरक्षण र सम्बर्द्धन



# पूर्वाधार निर्माण ... ... ...

- पूर्वाधार निर्माणमा जलवायु परिवर्तनलाई समानुकुलन र अनुकुलन गरी प्राकृतिक वातावरणको संरक्षण र सम्बर्द्धन
- अनुसन्धानकर्ता महाबीर पुन र अन्य अनुसन्धानकर्ता र सम्बन्धित अनुसन्धानशालालाई राज्यको तर्फवाट पूर्ण सहयोग दिने व्यवस्था
- जुम्ला, मुस्ताङ लगायतका हिमाली क्षेत्रमा स्थापना हुने जडिबुटी तथा फलफुलसंग सम्बद्ध प्रशोधन उद्योगलाई बिशेष अनुदान तथा कर सुबिधाको व्यवस्था


# जलबिद्युत : जलबिद्युतको बिकास, पुँजीको निर्माण र आत्मनिर्भरता

- प्रादेशिक सन्तुलन समेत कायम हुने गरी बिद्युत गृह निर्माण र आन्तरिक बिद्युत प्रसारण लाइनको निर्माणलाई तिब्रता
- प्रमुख नदी शृंखलामा उत्तर दक्षिण प्रसारण लाईन निर्माण
- सबै जिल्लाहरुलाई राष्ट्रिय बिद्युत प्रसारण (नेशनल ग्रिड) लाईनमा जोडिने
- मुलुकको सबै घरमा बिजुली
- स्थानीय खपतका निमित्त लघु जलबिद्युत उत्पादन गर्ने स्थानीय लगानीकर्ताहरुलाई सहुलियत दरमा ऋणको व्यवस्था तथा उत्पादन पश्चात १२ वर्ष सम्म करमा छुट

# जलबिद्युत … … …

- छिमेकी मुलुकहरुसंग द्विपक्षीय तथा बहुपक्षीय ब्यापार सम्झौता गरी क्षेत्रीय बिद्युत बजारको बिकास
- ईन्धन आयात ब्यापक रुपमा कटौती गर्न, नेपालमा उत्पादित बिद्युत नेपालमै खपत गर्न व्यापक औद्योगीकरण, विद्युतीय सवारी साधनहरुको प्रयोग तथा खाना पकाउने, सिँचाई प्रयोजनमा समेत सहुलियत दरमा बिद्युत उपलब्ध गर्ने नीति





# जलबिद्युत … … …

- मझौला एवम् जलाशययुक्त बहुउद्धेशीय जलविद्युत आयोजनाहरु सातै प्रदेशमा निर्माण
- स्वदेशी तथा बिदेशी जलविद्युत निर्माण कम्पनीहरुलाई प्रोत्साहित तथा आकर्षित गर्न, अनुमतिपत्र प्राप्त गर्ने प्रक्रियालाई सरलीकरण
- जलविद्युत आयोजनाको निश्चित प्रतिशत शेयर एवम् उत्पादित बिजुलीको केही अंश प्रतिफलको रुपमा स्थानीय तहले पाउने व्यवस्था



# युवा तथा खेलकुद : एक पालिका एक रंगशाला

- युवालाई उद्यमशील, रोजगार र स्वरोजगार बनाउन आवश्यक सहयोग उपलब्ध गराउन हरेक स्थानीय तहमा संयन्त्रहरु विकास
- सार्वजनिक-निजी साझेदारीवाट युवा लक्षित उद्यम व्यवसाय प्रबर्द्धन
- सामाजिक कुरिती, दुर्व्यसन, अन्धविश्वास, विभेद र असमानता बिरुद्ध युवा परिचालन कार्यक्रम कार्यान्वयन



# युवा तथा खेलकुद ... ... ...

- प्रदेश र स्थानीय स्तरमा आवश्यकताको आधारमा रंगशाला, कभर्ड हल, खेल मैदान, खुला ब्यायामशालाको निर्माण
- स्थानीय प्रतिभाशाली खेलाडी तथा प्रशिक्षकलाई उच्चस्तरीय प्रशिक्षणको व्यवस्था
- अक्षय कोषको व्यवस्था गरी खेलाडीको लागि सुनिश्चित सामाजिक सुरक्षा

# पर्यटन : पर्यटनको आधार - समुन्नति र र रोजगार

- २५ लाख पर्यटक भित्र्याउन निजी/अन्तर्राष्ट्रिय क्षेत्र समेतको संलग्नतामा बिभिन्न कार्यक्रमहरु सञ्चालन
- लोकप्रिय पदयात्रा मार्गहरु बिस्थापित हुँदै गरेको सट्टामा बैकल्पिक पदमार्गहरुको निर्माण/व्
- धार्मिक पर्यटन प्रबर्द्धनमा प्राथमिकता



- गौशाला, मठ, मन्दिर, गुठी लगायत सबै धार्मिक तथा पुरातात्विक संरचनाहरु लगायत सबै प्रकारका राष्ट्रिय सम्पदाहरुको उच्च प्राथमिकताका साथ संरक्षण र बिकास

# राप्रपाले “नेपाल बन्द” कहिल्यै गर्ने छैन : नेपाल बन्द सधैंका लागि बन्द

- “नेपाल बन्द जस्तो कार्यक्रम कहिल्यै नगर्ने” प्रतिबद्धता
- स्वास्थ्य, हवाई, खानेपानी, विद्युत, ग्यास तथा पेट्रोलियम पदार्थ ढुवानी तथा वितरण लगायत बिभिन्न औंद्योगिक क्षेत्रमा हड्ताल गर्न पूर्णरुपमा प्रतिवन्ध लगाइने



# उद्योग तथा वाणिज्य : स्वदेशी बन, स्वदेश भन, सम्हाल नेपाल

- धागो, कपडा उद्योग, फुटवेयर (जुत्ताचप्पल), निर्माण सामग्री, कृषि, खाद्यान्न, वनपैदावार, जडिबुटी, औषधी, हस्तकला लगायतका क्षेत्रहरुमा सफ्ट पोलिसी अन्तर्गत वैदेशिक तथा आन्तरिक लगानी बढाईने, सम्बन्धित साना मझौला उद्योगलाई प्रबर्द्धन र संरक्षण
- रोजगारमूलक उद्योगहरुमा बिदेशी लगानी भित्र्याउन तथा स्वदेशी लगानी फस्टाउन, लगानीमैत्री वातावरण तथा नीति निर्माण गरी कार्यान्वयन




# उद्योग तथा वाणिज्य ... ... ...

- एक पटकको नेपाली सधैंको नेपाली" भन्ने धारणालाई मनन गर्दै गैर आवासीय नेपालीहरुको नेपालभित्र लगानी गर्ने वातावरणलाई सरल र सहज तुल्याईने

# जलवायु परिवर्तन : भावी सन्ततिका लागि पर्यावरण जोगाऔं

- जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौताको कार्यान्वयनका लागि दीर्घकालीन रणनीतिक योजना तर्जुमा
- नदी तथा हिमतालको सर्भेक्षण, अनुगमन तथा जोखिम न्यूनीकरणका कार्यहरु गरिने
- बिद्युतीय सवारी साधनलाई सहुलियत करको व्यवस्था



# बन, वन्यजन्तु, जैविक बिबिधता तथा जलाधार : हरियो वन, नेपालको धन

- एक स्थानीय तह, एक स्थानीय बन तथा जलाधार व्यवस्थापन
- सामुदायिक वनहरुलाई उपभोक्ताको आय आर्जनसंग जोड्ने
- वन, वन्यजन्तु, जलाधार तथा जैविक बिबिधताको संरक्षण र बिकासलाई राज्यको उच्च प्राथमिकता





# महिला, बालवालिका, ज्येष्ठ नागारिक, अपाङ्ग, उत्पीडित, सीमान्तकृत, यौनिक तथा लैङगिक अल्पसंख्यक तह अन्य : सामाजिक सुरक्षाको सुनिश्चितता - राप्रपाको प्रतिबद्धता

- महिला हिंसा, दाइजो, दहेज प्रथा तथा वाल बिबाह जस्ता बिकृतिको अन्त्य गर्ने तथा महिला सशक्तीकरण कार्यक्रमलाई प्राथमिकता
- एकल तथा बिधुर, शारीरिक र मानसिक रुपमा अशक्त, असहाय जेष्ठ नागरिकका लागि घर दैलोमा स्याहार-सुसार, हेरचाह र औषधि उपचारको व्यवस्था



# महिला, बालवालिका, ज्येष्ठ नागारिक, अपाङ्ग, उत्पीडित ...

- अशक्त, असहाय र टुहुरा बालबालिकालाई आवश्यक शिक्षा, स्वास्थ्य र हेरचाहको व्यवस्थाका लागि स्याहार केन्द्रहरु
- ज्येष्ठ नागरिकलाई देशभित्र निःशुल्क यातायात तथा धार्मिक यात्राको व्यवस्था
- सुकुम्वासी समस्या स्थायी रुपमा समाधान
- अपाङ्ग, उत्पीडित तथा सीमान्तकृत समुदायका नागरिकहरुवाट सामुहिक रुपमा उक्त समुदायका लागि स्थापित स्वास्थ्य संस्था, बिद्यालय, तालिम केन्द्र लगायत उद्योग व्यवसायमा कर छुटको व्यवस्था



# महिला, बालवालिका, ज्येष्ठ नागारिक … … …

- देशका हरेक प्रतिनिधिसभा निर्वाचन क्षेत्रहरूमा कम्तिमा एक अपाङ्गता पुनर्स्थापना गृह
- सबै प्रकारका भेदभाव तथा छुवाछुतका बिरुद्ध कडाईका साथ कानूनी कारवाही
- यौनिक तथा लैङगिक अल्पसंख्यकको लागि रोजगारीको सुनिश्चीतता, स्वास्थ्य उपचार, निःशुल्क शिक्षा, तथा सामाजिक अन्तरघुलन गरेर समुदायमा स्थापित गर्ने समावेशी नीतिहरु तर्जुमा गरिने

# सरकारमा सहभागिताको बारेः राप्रपाले सत्ता केन्द्रीत राजनीति गर्नें छैन

- बिगतको सत्ता केन्द्रीत राजनीतिका कारण प्राप्त तितो अनुभववाट शिक्षा लिदैं राष्ट्रिय प्रजातन्त्र पार्टीले सत्ता केन्द्रित राजनीति नगर्नें
- राप्रपा सत्तामा भन्दा सिद्धान्तमा बिश्वास गर्छ । आगामी दिनमा राप्रपाको प्राथमिकता राप्रपाको मुद्दाहरु स्थापना गर्न केन्द्रित हुने
- आगामी संसदमा जनताको चाहना र अभिमतलाई आफ्नो मूल आधार मानेर आफ्नो भूमिका निर्धारण गर्नें

# बडामहाराजाधिराज पृथ्वीनारायण शाह - आदर्श व्यक्तित्व

- पृथ्वी जयन्तीलाई राष्ट्रिय एकता दिवस र राष्ट्रिय पर्वको रुपमा मनाइने व्यवस्था
- पृथ्वी जयन्तीमा सार्वजनिक बिदा
- मठमन्दिर, गुम्बा, मस्जिद, माङ्हिम लगायतका सबै धार्मिक संघसंस्थाहरुको बिकास तथा संरक्षण

# विविध

- नवीनतम सूचना प्रबिधि (डिजीटल समेत) लगायत अन्य विभिन्न क्षेत्रमा स्वदेशी/बिदेशी बिज्ञ, नविनतम प्रविधि निर्माणकर्ता समुदाय, उद्यमीहरु र बहुराष्ट्रिय कम्पनीहरुलाई आकर्षित गर्न उच्चस्तरीय “Start-up” संयन्त्र निर्माण
- विद्यमान आरक्षण व्यवस्थामा व्यापक सुधार

# विविध … … …

- नागरिकता वितरणमा देखिएको कानूनी व्यवस्थामा सुधार गरिने
- योजनावद्ध धर्म परिवर्तनलाई नियन्त्रण र निरुत्साहित गरिने
- ब्रिटिश तथा भारतीय गोरखा सैनिकहरुका विद्यमान समस्या समाधानका लागि आवश्यक र विशेष पहल गरिने र दीर्घकालीन रुपमा समाधान गरिने

# विविध ... ... ...

- कर्णाली प्रदेश र उच्च हिमाली क्षेत्रका बासिन्दाको जीवनस्तर वृद्धि गर्न एवं विकासको मूल प्रवाहमा समेट्न दुर्गम क्षेत्र विकास परियोजनामा सुधार, विस्तार एवं कार्यान्वयन गरिने

# यसपटकको भोट - राप्रपाको "हलो" छापमा !
# नेपालको निर्णायकत्व - नेपालीको हातमा !!



# धन्यबाद !!!